# भाग ५

## नेपाल सरकार

## अर्थ मन्त्रालयको

### सूचना १

आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (१) बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) ले सोही दफाको उपदफा (२) मा उल्लिखित निकाय वा संस्था तथा उपदफा (३) मा उल्लिखित मालवस्तुको पैठारीमा भन्सार महसुल ऐन, २०८१ बमोजिम लाग्ने महसुल छुट दिने सम्बन्धी निर्णय अर्थ मन्त्रालयबाट हुने गरी मिति २०८१।०८।०६ मा गरेको निर्णय र आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (३) बमोजिम एशियाली विकास बैङ्कको ऋण तथा अनुदान सहयोग तथा नेपाल सरकारको संयुक्त लगानीमा विद्युत प्रसारण तथा वितरण प्रणाली सुदृढीकरण आयोजना (Power Transmission and Distribution System Strengthening Project, PTDSSP) को उप-आयोजना मधेश प्रदेश (साबिकको प्रदेश नं. २) का सर्लाही, महोत्तरी र धनुषा जिल्लाका विभिन्न ९ वटा वितरण केन्द्रमा विद्युतीय प्रणाली सुधार गर्ने ग्रामीण विद्युतीकरण तथा वितरण आयोजना निर्माण गर्ने कार्यको लागि साबिक कुल अमेरिकी डलर ५५,१६,९६३.९१ (पचपन्न लाख सोह्र हजार नौ सय त्रिसट्ठी सेन्ट एकानब्बे) मूल्य बराबरको मालवस्तु समावेश भएको स्वीकृत मास्टर लिष्टमा भेरियसनका कारण घटी हुन गएको अमेरिकी डलर ६,३४,२६७.८४ (छ लाख चौतिस हजार दुई सय सतसट्ठी सेन्ट चौरासी) मूल्य समायोजन गरी बढी हुन गएको अमेरिकी डलर ६,१३,२४२.४३ (छ लाख तेह्र हजार दुई सय बयालिस सेन्ट त्रिचालिस) रकम समेत समायोजन गरी अमेरिकी डलर ५४,९५,९३८.५० (चौवन्न लाख पन्चानब्बे हजार नौ सय अठतिस



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सेन्ट पचास) मूल्यको प्रथम संशोधित मास्टर लिष्टमा थप हुन आएको पाना नं. ६ को Item D को D1 को 1 मा साबिक मास्टर लिष्टमा समावेश नभएको Item समेत संशोधित मास्टर लिष्टमा थप गरी बाँकी अमेरिकी डलर ५,००,०३४.५२ (पाँच लाख चौतिस सेन्ट बाउन्न) मूल्य बराबरको खपत हुने मालवस्तु पैठारी गर्दा एक प्रतिशत भन्सार महसुल लिई अन्य दस्तुर, शुल्क तथा सम्पूर्ण कर छुट दिने निर्णय नेपाल सरकार, अर्थ मन्त्रालयले मिति २०८१।११।११ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना २

आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (१) बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) ले सोही दफाको उपदफा (२) मा उल्लिखित निकाय वा संस्था तथा उपदफा (३) मा उल्लिखित मालवस्तुको पैठारीमा भन्सार महसुल ऐन, २०८१ बमोजिम लाग्ने महसुल छुट दिने सम्बन्धी निर्णय अर्थ मन्त्रालयबाट हुने गरी मिति २०८१।०८।०६ मा गरेको निर्णय र आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (३) बमोजिम जापान सरकारको Japan International Cooperation System (JICS) मार्फत अनुदान सहयोगमा सञ्चालन हुने Japan's Grant for Economic and Social Development Program for Federal Democratic Republic of Nepal आयोजना अन्तर्गत नेपालका विभिन्न १३ स्थानमा Automatic Metrological Observation System (AMOS) and Automatic Agro-Metrological Observation System (AAMOS) जडान कार्यमा खपत हुने कुल जापानी ऐन १५,७१,२१,३८४.०० (पन्ध्र करोड एकहत्तर लाख एक्काइस हजार तीन सय चौरासी) मूल्य बराबरको स्वीकृत मास्टर लिष्ट बमोजिमका मालवस्तु मध्ये पहिलो कन्साइमेन्ट बमोजिम पैठारी हुने जापानी ऐन १४,७३,७४,५००.०० (चौध करोड त्रिहत्तर



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लाख चौहत्तर हजार पाँच सय) मूल्य बराबरको मालवस्तुको पैठारी गर्दा भन्सार महसुल लगायतका अन्य दस्तुर, शुल्क तथा सम्पूर्ण कर छुट दिने निर्णय नेपाल सरकार, अर्थ मन्त्रालयले मिति २०८१।११।२७ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ३

आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (१) बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) ले सोही दफाको उपदफा (२) मा उल्लिखित निकाय वा संस्था तथा उपदफा (३) मा उल्लिखित मालवस्तुको पैठारीमा भन्सार महसुल ऐन, २०८१ बमोजिम लाग्ने महसुल छुट दिने सम्बन्धी निर्णय अर्थ मन्त्रालयबाट हुने गरी मिति २०८१।०८।०६ मा गरेको निर्णय र आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (३) बमोजिम एशियाली विकास बैङ्कको ऋण तथा अनुदान सहयोग र नर्वे सरकारको अनुदान सहयोगमा निर्माण भइरहेको ग्रामीण विद्युतीकरण तथा वितरण प्रणाली आयोजना मधेश प्रदेश लट नं. ४ निर्माण गर्ने कार्यको लागि कुल अमेरिकी डलर ५४,९५,९३८.५० (चौवन्न लाख पन्चानब्बे हजार नौ सय अठतिस सेन्ट पचास) मूल्यको संशोधित मास्टर लिष्टमा पाना नं. ६ को Item D को D1 को 1 मा साबिक मास्टर लिष्टमा समावेश नभएको Item समेत संशोधित मास्टर लिष्टमा थप हुन आई कुल अमेरिकी डलर १,१३,२०७.९१ (एक लाख तेह्र हजार दुई सय सात सेन्ट एकानब्बे) बराबरको खपत हुने मालवस्तु पैठारी गर्दा एक प्रतिशत भन्सार महसुल लिई अन्य दस्तुर, शुल्क तथा सम्पूर्ण कर छुट दिने निर्णय नेपाल सरकार, अर्थ मन्त्रालयले मिति २०८२।०१।१६ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ४

आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (१) बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) ले सोही दफाको उपदफा (२) मा उल्लिखित निकाय वा संस्था तथा उपदफा (३) मा उल्लिखित मालवस्तुको पैठारीमा भन्सार महसुल ऐन, २०८१ बमोजिम लाग्ने महसुल छुट दिने सम्बन्धी निर्णय अर्थ मन्त्रालयबाट हुने गरी मिति २०८१।०८।०६ मा गरेको निर्णय र आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (३) बमोजिम एशियाली विकास बैङ्कको ऋण तथा अनुदान सहयोग र नर्वे सरकारको अनुदान सहयोगमा निर्माण भइरहेको ग्रामीण विद्युतीकरण तथा वितरण प्रणाली आयोजना मधेश प्रदेश लट नं. ३ निर्माण गर्ने कार्यको लागि कुल अमेरिकी डलर ४३,१४,६५५.४५ (त्रिचालिस लाख चौध हजार छ सय पचपन्न सेन्ट पैंतालिस) मूल्यको स्वीकृत मास्टर लिष्टको पाना नं. ७ को Item D को D1 को 1 मा थप भएको Item समेत गरी संशोधित मास्टर लिष्टमा थप हुन आएको अमेरिकी डलर १,१८,५४५.६० (एक लाख अठार हजार पाँच सय पैंतालिस सेन्ट साठी) मूल्य बराबरको खपत हुने मालवस्तु पैठारी गर्दा एक प्रतिशत भन्सार महसुल लिई अन्य महसुल दस्तुर, शुल्क तथा कर छुट दिने निर्णय नेपाल सरकार, अर्थ मन्त्रालयले मिति २०८२।०१।१६ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ५

आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (१) बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) ले सोही दफाको उपदफा (२) मा उल्लिखित निकाय वा संस्था तथा उपदफा (३) मा उल्लिखित मालवस्तुको पैठारीमा भन्सार महसुल ऐन, २०८१ बमोजिम लाग्ने महसुल छुट दिने सम्बन्धी निर्णय अर्थ मन्त्रालयबाट हुने गरी मिति २०८१।०८।०६ मा गरेको निर्णय र आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (३) बमोजिम एसियाली विकास बैङ्कको ऋण



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सहयोगमा निर्माण भई रहेको काठमाडौं उपत्यका मध्य तथा उत्तर भूमिगत वितरण आयोजनाको लागि कुल अमेरिकी डलर २,५७,५१,७७५.३९ (दुई करोड सन्ताउन्न लाख एकाउन्न हजार सात सय पचहत्तर सेन्ट उनन्चालिस) मूल्य बराबरको मालवस्तु समावेश भएको प्रथम संशोधित स्वीकृत मास्टर लिष्टमा भेरियसनका कारण घटी हुन गएको अमेरिकी डलर ३७,४२,३४१.२९ (सैंतिस लाख बयालिस हजार तीन सय एकचालिस सेन्ट उनन्तिस) मूल्य समायोजन गरी बढी हुन गएको अमेरिकी डलर २९,२५,७७८.६७ (उनन्तिस लाख पच्चिस हजार सात सय अठहत्तर सेन्ट सतसट्ठी) रकम समेत समायोजन गरी अमेरिकी डलर २,४९,३५,२१२.७९ (दुई करोड उनन्चास लाख पैंतिस हजार दुई सय बाह्र सेन्ट उनासी) मूल्यको दोस्रो संशोधित मास्टर लिष्टमा थप हुन आएको अमेरिकी डलर ३,९०,३३०.०० (तीन लाख नब्बे हजार तीन सय तिस) मूल्य बराबरको खपत हुने मालवस्तु पैठारी गर्दा एक प्रतिशत भन्सार महसुल लिई अन्य  महसुल, दस्तुर, शुल्क तथा कर छुट दिने निर्णय नेपाल सरकार, अर्थ मन्त्रालयले मिति २०८२।०१।१६ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ६

आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (१) बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) ले सोही दफाको उपदफा (२) मा उल्लिखित निकाय वा संस्था तथा उपदफा (३) मा उल्लिखित मालवस्तुको पैठारीमा भन्सार महसुल ऐन, २०८१ बमोजिम लाग्ने महसुल छुट दिने सम्बन्धी निर्णय अर्थ मन्त्रालयबाट हुने गरी मिति २०८१।०८।०६ मा गरेको निर्णय र आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (३) बमोजिम एसियाली विकास बैङ्कको ऋण सहयोग तथा नेपाल सरकारको संयुक्त लगानीमा Electricity Grid



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

Modernization Project अन्तर्गतको रोल्पाको खुंग्री सबस्टेशन, दाङको घोराही सबस्टेशन र सो स्टेशनबाट सुंग्री सबस्टेशनसम्मको डबल सर्किट प्रसारण लाईन निर्माण आयोजनाको लागि कुल अमेरिकी डलर ७२,०४,४३१.८१ (बहत्तर लाख चार हजार चार सय एकतिस सेन्ट एकासी) मूल्य बराबरको मालवस्तु समावेश भएको स्वीकृत मास्टर लिष्टमा भेरियसनका कारण घटी हुन गएको अमेरिकी डलर ६,००,६०७.७४ (छ लाख छ सय सात सेन्ट चौहत्तर) मूल्य समायोजन गरी बढी हुन गएको अमेरिकी डलर ८,८६,६९५.५७ (आठ लाख छयासी हजार छ सय पन्चानब्बे सेन्ट सन्ताउन्न) रकम समेत समायोजन गरी अमेरिकी डलर ७४,९०,५१९.६४ (चौहत्तर लाख नब्बे हजार पाँच सय उन्नाइस सेन्ट चौसट्टी) मूल्यको प्रथम संशोधित मास्टर लिष्टमा थप हुन आएको अमेरिकी डलर ८,८६,६९५.५७ (आठ लाख छयासी हजार छ सय पन्चानब्बे सेन्ट सन्ताउन्न) मूल्य बराबरको खपत हुने मालवस्तु पैठारी गर्दा एक प्रतिशत भन्सार महसुल लिई अन्य दस्तुर, शुल्क तथा सम्पूर्ण कर छुट दिने निर्णय नेपाल सरकार, अर्थ मन्त्रालयले मिति २०८२।०१।१८ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ७

आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (१) बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) ले सोही दफाको उपदफा (२) मा उल्लिखित निकाय वा संस्था तथा उपदफा (३) मा उल्लिखित मालवस्तुको पैठारीमा भन्सार महसुल ऐन, २०८१ बमोजिम लाग्ने महसुल छुट दिने सम्बन्धी निर्णय अर्थ मन्त्रालयबाट हुने गरी मिति २०८१।०८।०६ मा गरेको निर्णय र आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (३) बमोजिम विद्युत प्रसारण तथा वितरण प्रणाली सुदृढिकरण आयोजना अन्तर्गत रहेको काठमाडौं उपत्यका पश्चिम वितरण प्रणाली सुदृढिकरण



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आयोजनाको लागि कुल अमेरिकी डलर ३,१६,२९,५२५.६८ (तीन करोड सोह्र लाख उनन्तिस हजार पाँच सय पच्चिस सेन्ट अठसट्ठी) मूल्य बराबरको मालवस्तु समावेश भएको प्रथम संशोधित स्वीकृत मास्टर लिष्टमा भेरियसनका कारण घटी हुन गएको अमेरिकी डलर ७९,००,६०७.९५ (उनासी लाख छ सय सात सेन्ट पन्चानब्बे) मूल्य समायोजन गरी बढी हुन गएको अमेरिकी डलर १८,४८,२९०.०४ (अठार लाख अठचालिस हजार दुई सय नब्बे सेन्ट शून्य चार) रकम समेत समायोजन गरी अमेरिकी डलर २,५५,७७,२०७.७६ (दुई करोड पचपन्न लाख सतहत्तर हजार दुई सय सात सेन्ट छयहत्तर) मूल्यको दोस्रो संशोधित मास्टर लिष्टमा थप हुन आएको अमेरिकी डलर १८,४८,२९०.०४ (अठार लाख अठचालिस हजार दुई सय नब्बे सेन्ट शून्य चार) मूल्य बराबरको खपत हुने मालवस्तु पैठारी गर्दा एक प्रतिशत भन्सार महसुल लिई अन्य दस्तुर, शुल्क तथा सम्पूर्ण कर छुट दिने निर्णय नेपाल सरकार, अर्थ मन्त्रालयले मिति २०८२।०२।३० मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ८

आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (१) बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) ले सोही दफाको उपदफा (२) मा उल्लिखित निकाय वा संस्था तथा उपदफा (३) मा उल्लिखित मालवस्तुको पैठारीमा भन्सार महसुल ऐन, २०८१ बमोजिम लाग्ने महसुल छुट दिने सम्बन्धी निर्णय अर्थ मन्त्रालयबाट हुने गरी मिति २०८१।०८।०६ मा गरेको निर्णय र आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (३) बमोजिम एसियाली विकास बैङ्कको ऋण सहयोग तथा नेपाल सरकारको संयुक्त लगानीमा सञ्चालन भइरहेको Additional Financing for Electricity Grid Modernization Project अन्तर्गतको दुम्कीबास सबस्टेशन निर्माण आयोजनाको लागि कुल भारतीय रुपैयाँ ३६,७१,७८,२१८.०० (छत्तिस



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

करोड एकहत्तर लाख अठहत्तर हजार दुई सय अठार) मूल्य बराबरको मालवस्तु समावेश भएको स्वीकृत मास्टर लिष्टमा भेरियसनका कारण घटी हुन गएको भारतीय रुपैयाँ ३,२९,४७,७५९.०० (तीन करोड उनन्तिस लाख सत्चालिस हजार सात सय उनन्साठी) मूल्य समायोजन गरी बढी हुन गएको भारतीय रुपैयाँ ३,४४,८४,७११.०० (तीन करोड चौवालिस लाख चौरासी हजार सात सय एघार) रकम समेत समायोजन गरी भारतीय रुपैयाँ ३६,८७,१५,१७०.०० (छत्तिस करोड सतासी लाख पन्ध्र हजार एक सय सत्तरी) मूल्यको प्रथम संशोधित मास्टर लिष्टमा थप हुन आएको भारतीय रुपैयाँ ३,४४,८४,७११.०० (तीन करोड चौवालिस लाख चौरासी हजार सात सय एघार) मूल्य बराबरको खपत हुने मालवस्तु पैठारी गर्दा एक प्रतिशत भन्सार महसुल लिई अन्य दस्तुर, शुल्क तथा सम्पूर्ण कर छुट दिने निर्णय नेपाल सरकार, अर्थ मन्त्रालयले मिति २०८२।०३।१७ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ९

आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (१) बमोजिम नेपाल सरकार (मन्त्रिपरिषद्) ले सोही दफाको उपदफा (२) मा उल्लिखित निकाय वा संस्था तथा उपदफा (३) मा उल्लिखित मालवस्तुको पैठारीमा भन्सार महसुल ऐन, २०८१ बमोजिम लाग्ने महसुल छुट दिने सम्बन्धी निर्णय अर्थ मन्त्रालयबाट हुने गरी मिति २०८१।०८।०६ मा गरेको निर्णय र आर्थिक ऐन, २०८१ को दफा १८ को उपदफा (३) बमोजिम जापान सरकारको Japan International Cooperation System (JICS) को अनुदान सहयोगमा सञ्चालन हुने Japan's Grant Aid for Economic and Social Development Program for Federal Democratic Republic of Nepal आयोजना अन्तर्गत नेपालका विभिन्न १३ स्थानमा Automatic Metrological Observation System (AMOS) and Automatic Agro-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

Metrological Observation System (AAMOS) जडान कार्यमा खपत हुने कुल जापानी ऐन १५,७१,२१,३८४.०० (पन्ध्र करोड एकहत्तर लाख एक्काइस हजार तीन सय चौरासी) मूल्य बराबरको स्वीकृत मास्टर लिष्ट बमोजिमका मालवस्तु मध्ये बाँकी दोस्रो कन्साइमेन्ट बमोजिम पैठारी हुने जापानी ऐन ९७,४६,८८४.०० (सन्तानब्बे लाख छयालिस हजार आठ सय चौरासी) मूल्य बराबरको मालवस्तुको पैठारी गर्दा लाग्ने भन्सार महसुल लगायतका अन्य दस्तुर, शुल्क तथा सम्पूर्ण कर छुट दिने निर्णय नेपाल सरकार, अर्थ मन्त्रालयले मिति २०८२।०३।१८ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना १०

आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी तिब्बतको डिङजी काउन्टीको रिकाजे सहरले सङ्खुवासभा जिल्लाको सिलिचोङ्ग गाउँपालिकालाई निशुल्क सहयोग गर्ने चिनिया युआन ८,२७,९१०.०० (आठ लाख सत्ताइस हजार नौ सय दश) मूल्य बराबरको एम्बुलेन्स र अन्य स्वास्थ्य सम्बन्धी उपकरण पैठारी गर्दा लाग्ने भन्सार महसुल, मूल्य अभिवृद्धि कर तथा अन्य कर छुट दिने निर्णय नेपाल सरकार, अर्थ मन्त्रालयले मिति २०८२।०८।२६ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना ११

आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार र भारत सरकारबीच जुन १, २०२३ मा भएको Memorandum of Understanding (MOU) को Article VI मा व्यवस्था भए बमोजिम भारत सरकारको प्राविधिक र आर्थिक सहयोगमा कञ्चनपुरको दोधारा-चाँदनी एकीकृत जाँच चौकी निर्माण कार्यको लागि आवश्यक यस अगावै कर छुट दिइएकोमा संशोधित मास्टर लिष्टसँग दोहोरो नपर्ने गरी संशोधित स्वीकृत मास्टर



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लिष्टमा उल्लेख भए बमोजिम पैठारी गर्ने भारतीय रुपैयाँ १,४२,३५,६४,७१६.९० (एक अरब बयालिस करोड पैंतिस लाख चौसट्ठी हजार सात सय सोह्र रुपैयाँ नब्बे पैसा) मूल्य बराबरको आयोजनामा खपत हुने सामग्री पैठारी गर्दा लाग्ने दस्तुर, शुल्क र करमा पूर्ण छुट दिने निर्णय नेपाल सरकार, अर्थ मन्त्रालयले मिति २०८२।१०।०९ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना १२

आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार र भारत सरकारबीच भएको Memorandum of Understanding (MOU) मा व्यवस्था भए बमोजिम भारत सरकारको अनुदान सहयोगमा काभ्रेपलाञ्चोक जिल्लाको पनौतीमा निर्माणाधिन राष्ट्रिय प्रहरी प्रतिष्ठान निर्माण कार्यको लागि आवश्यक पाँचौ मास्टर लिष्टमा उल्लेख भए बमोजिम पैठारी गर्ने भारतीय रुपैयाँ ८३,८३,३४,८७४.३७ (त्रियासी करोड त्रियासी लाख चौतिस हजार आठ सय चौहत्तर रुपैयाँ सैंतिस पैसा) र अमेरिकी डलर ११,७७,८५२.२० (एघार लाख सतहत्तर हजार आठ सय बाउन्न सेन्ट बिस) मूल्य बराबरको निर्माण सामग्रीमा मूल्य अभिवृद्धि कर बाहेक भन्सार महसुल तथा अन्य कर पूर्ण छुट दिने निर्णय नेपाल सरकार, अर्थ मन्त्रालयले मिति २०८२।१०।१२ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना १३

आर्थिक ऐन, २०८२ को दफा १८ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी एसियाली विकास बैङ्कको ऋण सहयोगमा सञ्चालन भईरहेको विद्युत प्रसारण तथा वितरण प्रणाली सुदृढीकरण आयोजनाको उप-आयोजना पोखरा-भरतपुर वितरण प्रणाली सुदृढीकरण आयोजना निर्माणको लागि साबिक स्वीकृत मास्टर लिष्ट अमेरिकी डलर



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१,७५,१०,९७४.१५ (एक करोड पचहत्तर लाख दश हजार नौ सय चौहत्तर सेन्ट पन्ध्र) मा भेरियसनको कारण घटी हुन गएको अमेरिकी डलर ५,६७,४७३.१५ (पाँच लाख सत्सट्ठी हजार चार सय त्रिहत्तर सेन्ट पन्ध्र) मूल्य समायोजन गरी बढी हुन गएको अमेरिकी डलर १३,८०,३६१.१५ (तेह्र लाख असी हजार तीन सय एकसट्ठी सेन्ट पन्ध्र) रकम समेत समायोजन गरी अमेरिकी डलर १,८३,२३,८६१.९७ (एक करोड त्रियासी लाख तेईस हजार आठ सय एकसट्ठी सेन्ट सन्तानब्बे) मूल्यको दोस्रो संशोधित मास्टर लिष्टमा थप हुन आएको अमेरिकी डलर १३,८०,३६१.१५ (तेह्र लाख असी हजार तीन सय एकसट्ठी सेन्ट पन्ध्र) मूल्य बराबरको खपत हुने मालवस्तु पैठारी गर्दा एक प्रतिशत भन्सार महसुल लिई अन्य दस्तुर, शुल्क तथा सम्पूर्ण कर छुट दिने निर्णय नेपाल सरकार, अर्थ मन्त्रालयले मिति २०८२।१०।२५ मा गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

**आज्ञाले,**

**भूपाल बराल**

**नेपाल सरकारको सचिव ।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.४५।-**
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।